जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५
वर्ष ३४ अंक १७३ २०८१ साल माघ २४ गते बिहीबार (6 Feb. 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : बलियो बनाऔं-लोकतान्त्रिक... ३ पृष्ठमा : गाजालाई कब्जा गर्ने र ... ३ पृष्ठमा : युएसएडले विश्वव्यापी ...

## एचपिभी अभियानको पहिलो दिन सप्तरीमा चार हजार एक सय किशोरीलाई खोप



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

महिलामा हुने पाठेघरको मुखको क्यान्सर रोग विरुद्धको खोप अभियान बुधवारदेखी सप्तरीमा सुरु भएको छ। सो अभियान अन्तरगत पहिलो दिन ४ हजार १ सय किशोरीहरुलाई खोप दिइएको छ।

मुलुकभर अघिल्लो दिन मंगलवारदेखी एकै साथ संचालन भएपनि सप्तरीमा उक्त दिन सरस्वती पुजा सम्पन्न भई मुर्ती सेलाउने दिन परेकोले एकदिन ढिलो गरि अभियान सुरु गरिएको हो ।

१८ वटा पालिका रहेको जिल्लामा पहिलो चरणमा माघ २३ देखी ३० माघ सम्म जिल्लाको ९ वटा पालिकामा अभियान चलाईएको छ। त्यसपछि फागुन १ देखी फागुन ६ सम्म बाकि रहेका ९ वटा पालिकामा उक्त अभियान चलाईने जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख देवकान्त झाले जानकारी दिए। उनले जिल्लामा ३६ हजार ६ सय १ किशोरीलाई खोप प्रदान गर्ने लक्ष्य रहेको जानकारी समेत दिए।

पहिलो चरण अन्तर्गत बुधवार रुपनी गाउँपालिकाबाट अभियान सूरु गरिएको हो। रुपनी गाउँपालिका १ रायपुरस्थित श्री कन्छु नर प्रताप माध्यमिक विद्यालय परिसर भित्र कायम गरिएको खोप केन्द्रमा १ सय ८० बालिका र किशोरीहरुलाई एचपीभी खोप लगाएर खोप अभियानको सूरुवात गरिएको छ।

जिल्ला खोप समन्वय समितिको अध्यक्ष समेत रहेका जिल्ला समन्वय समितिका प्रमुख शिव नारायण साहले खोप केन्द्रका स्वास्थ्यकर्मीहरुलाई खोप समाग्री हस्तान्तरण गर्दै अभियानको उदघाटन गरे।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले पाठेघर मुखको क्यान्सर रोग विरुद्धको खोप अभियान अर्न्तगत जिल्ला भरीमा गरी कुल ४ सय ५० खोप केन्द्र कायम गरि ३६ हजार ७ सय १ किशोरीलाई खोप दिने लक्ष्य राखेको भन्दै लक्षित किशोरीहरु कोही पनि नछुटुन र यसका लागी सबै सचेत अभिभावकले पनि आ-आफनो स्तरबाट सकारात्मक भूमिका खेल्नु पर्नेमा जोड दिए।

अभियान उद्घाटन समारोहमा रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडा, प्रमुख

***बाँकी अन्तिम पृष्ठमा***

## भाईको हत्या गर्ने दाई २० वर्ष पछि पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

भाईलाई निर्घात कुटपीट गरि हत्या गरेर फरार रहेका दाईलाइ प्रहरीले २० वर्ष पछि पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको टोलीले मंगलवार साँझ सप्तरीको महादेवा गाउँपालिका २ निवासी ६० वर्षिय गणेशी रजकलाई विशेष सुराकीको आधारमा पक्राउ गरेको हो।

उनीमाथि आफ्नै भाइ उमेश रजकलाई कुटेरै हत्या गरेको आरोप छ। अघिल्लो दिन साँझ पक्राउ परेका गणेशी रजकबारे प्रहरीले बुधवार विस्तृत विवरण सार्वजनिक गरेको हो।

प्रहरीका अनुसार २०६१ साल माघ १ गते दाजु/भाईबीच भएको झै झगडाका क्रममा दाई गणेशीले भाई उमेशलाई निर्घात कुटपिट गरेका थिए। घटनाको भोली पल्ट उपचार कै क्रममा उमेसको मृत्यु भएको थियो। घटना पछी गणेशी फरार भएका थिए। हत्याको लामो समय बितिसकेको र प्रहरीले पनि खासै चासो नराखेको अनुमान सहित केही समय यता गणेशी खुला रुपले जीवनयापन गरिरहेका थिए। तर सो बारे जानकारी पाउन साथ प्रहरीले सप्तरी जिल्ला अदालतबाट पक्राउ पुर्जी अनुमती लिई गाउँबाटै उनलाई नियन्त्रणमा लिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले बताए।

बुधवार नै सप्तरी जिल्ला अदालतबाट कर्तव्य ज्यान मुदामा ७ दिनको म्याद लिएर थप अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## मदिरा पसल खोल्ने र बन्द गर्ने समय निर्धारण गर्न माग गर्दै महिलाहरुद्वारा नगरपालिकालाई ध्यानाकर्षण पत्र



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

नगरका गल्लि गल्लिमा खुलेका मदिरा पसलका कारण महिलाहरुलाई उक्त बाटो भएर हिड्न समस्या र असुरक्षा भएको भन्दै यसको उचित व्यवस्थापन गर्न माग गर्दै बुधबार महिलाहरुको एक टोलीले नगरपालिकलाई ध्यानाकर्षण पत्र बुझाएको छ।

तराई मधेश महिला फाउण्डेशन नेपाल सप्तरी अध्यक्ष सुनिताकुमारी साहको अगुवाईमा महिलाहरुको टोलीद्वारा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनलाई ध्यानाकर्षण पत्र बुझाएका हुन।

जथाभावी खोलिएका मदिरा पसलबाट मातेर निस्कने गरेका व्यक्तिहरुले महिलाहरुलाई जिस्क्याउने, असभ्य भाषाको प्रयोग गर्ने र समाजको वातावरण नै बिगार्ने गरेको भन्दै ध्यानाकर्षण पत्र मार्फत त्यसको अनुगमन र मदिरा पसललाई जथाभावी दिइने इजाजत पत्र बारे पुर्नमुल्याङकन गरिनु पर्ने आवश्यकता औल्याइएको छ।

ध्यानाकर्षण पत्रमा मदिरा पसल खोल्ने र बन्द गर्ने समय सीमाको निर्धारण गरिनु पर्ने माग समेत गरिएको छ। ध्यानाकर्षण पत्र बुझ्दै कार्यवाहक नगर प्रमुख परविनले यसबारे आफूले कडाईका साथ अनुगमन र समाधानको प्रयास गर्ने प्रतिबद्धता जनाएको फाउण्डेशनले जनाएको छ।

## विद्यालयमा शिक्षक तथा विद्यार्थीको उपस्थिती अत्यन्त न्यून



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका निमित्त प्रमुख कमलनाथ यादवको नेतृत्वको टोलीले बुधबार जिल्लाको विभिन्न विद्यालयहरुमा आकस्मिक अनुगमन गरेको छ।

निमित्त प्रमुख यादवसँगै लेखाजोखा संयोजक बिरेन्द्र कुमार चौधरी समेतको टोलीले विद्यालयहरुको अनुगमन गर्दा विद्यार्थी संख्या अत्यन्त न्युन तथा शिक्षकहरुको उपस्थिति पनि सन्तोषजनक नरहेको पाइएको छ।

राजविराज वडा नं. १ स्थित

***बाँकी अन्तिम पृष्ठमा***

## सम्पादकीय ....

### सेवाबाट बञ्चित नगरौं

स्थानीय तहबाट जनताले सहजै रुपमा सेवा पाउनु पर्ने हो । तर, यहाँ विभिन्न पालिकाहरुमा सेवाग्रहीहरुले समयमा सेवा नपाउँदा दुःख पाउनु परिरहेको गुनासो आउने गरेको छ । विभिन्न निशुल्क पाउनु पर्ने सेवाहरु पनि समयमा नपाउँदा जनताले दुःख पाउने गरेका छन् । त्यसमा पनि जनप्रतिनिधिहरुले काखापाखा गर्ने गरेकाले उनीहरु थप मर्कामा पर्ने गरेका छन् । उनीहरुको अहिले विकासमा बढी ध्यान दिइरहनुले अन्य कामहरु बढी प्रभावित हुँदै आएको छ ।

जनप्रतिनिधिहरुले जनतालाई पालिकाबाट दिने निशुल्क लगायत अन्य सेवालाई सहजै दिनु पर्नेमा खासै ध्यान दिएको देखिन्न् । यस्तै शिक्षा र स्वास्थ्यप्रति पनि अधिकांश जनप्रतिनिधिहरुले उपेक्षा गरेको देखिन्छ । जनतासँगै सोझै जोडिएको यो विषयमा समेत जनप्रतिनिधिहरु उदासिन रहेका छन् । शिक्षा, स्वास्थ्य र विकास बाहेक अन्य कार्यहरुमा जनप्रतिनिधिहरुले थोरै पनि चनाखो भएमा नगर वा वडा कार्यालयहरुबाट जनताले पाउने निशुल्क सेवा, विभिन्न घटना दर्ता, सिफारिस लगायतका कार्यलाई छिटोछरितो एवं सरल तरिकाले सेवा दिन सकिन्छ ।

तसर्थ जनताले पाउनु पर्ने निःशुल्क तथा अन्य सेवालाई छिटो, छरितो र प्रभावकारी ढंगले प्रवाह गर्न जनप्रतिनिधिहरु गम्भिर बन्नु जरुरी छ । अनि मात्र जनताले स्थानीय स्तरबाटै सिंहदरबारको सेवा पाउने अनुभुति गर्न सक्छन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# बलियो बनाऔं-लोकतान्त्रिक संस्कृति

**डा शोभाकर पराजुली**
काठमाडौं, २३ माघ (रासस) ।

मजबुत लोकतान्त्रिक संस्कृति निर्माण गर्नु भनेको एक जटिल र दीर्घकालीन प्रक्रिया हो, जसले समाजका विभिन्न तह, संस्था र व्यक्तिहरूको सक्रिय सहभागिता र समर्पणको आवश्यकता पर्छ । लोकतन्त्र केबल संविधान र कानुनमा सीमित हुनु हुँदैन, यो जनताको मानसिकता, संस्कृति र दैनिक जीवनशैलीमा गहिरो रूपमा समावेश हुनुपर्छ । लोकतान्त्रिक संस्कृतिको निर्माणका लागि सबै पक्षहरूमा ध्यान दिन आवश्यक छ र यसका लागि विभिन्न कदमहरूको अवलम्बन गर्नुपर्छ ।

शिक्षा र जागरूकता लोकतान्त्रिक संस्कृति निर्माणको आधार हो । नेपालमा लोकतन्त्रका मूल्य, सिद्धान्त र महत्वका बारेमा जनतालाई शिक्षित गर्नु अत्यन्त आवश्यक छ । शिक्षाले नागरिकहरूलाई उनीहरूको अधिकार र कर्तव्यका बारेमा जानकारी दिन्छ र उनीहरूलाई लोकतान्त्रिक प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन प्रोत्साहित गर्छ । विद्यालयस्तरदेखि उच्च शिक्षासम्म लोकतान्त्रिक मूल्यहरूको शिक्षा अनिवार्य रूपमा समावेश गर्नुपर्छ । छात्रहरूको बहस, चर्चा र समस्या समाधानका लागि प्रशिक्षण दिने प्रक्रियाले दीर्घकालमा लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउन मद्दत पुऱ्याउँछ । साथै, नागरिक शिक्षाको प्रसार पनि यस प्रक्रियामा महत्वपूर्ण छ, जसले जनतालाई आफ्नो जिम्मेवारी बुझ्न र लोकतान्त्रिक प्रक्रिया प्रति सचेत बनाउँछ । यसले जनतालाई व्यक्तिगत र सामाजिक जिम्मेवारीहरूको बारेमा शिक्षित गरिन्छ र तिनीहरूलाई लोकतान्त्रिक अधिकारको महत्व र आवश्यकता बुझ्न मद्दत पुऱ्याउँछ ।

पारदर्शीता र जवाफदेहीता लोकतान्त्रिक संस्कृतिको अर्को महत्वपूर्ण आधार हो । सरकारी संस्थाहरूले आफ्नो कार्यप्रणालीमा पारदर्शीता र जवाफदेहीता कायम गर्नुपर्छ । भ्रष्टाचार, अनियमितता र असमानतालाई समाप्त गर्नका लागि कडा कानुनी प्रावधानहरू र तिनीहरूको प्रभावकारी कार्यान्वयन आवश्यक छ । सरकारले नागरिकहरूको प्रतिक्रिया सुन्नु, तिनीहरूको आवश्यकतालाई प्राथमिकता दिनु र नीति निर्माण प्रक्रियामा नागरिकहरूको सक्रिय सहभागिता बढाउनुपर्छ । यसबाट जनतामा सरकारप्रति विश्वास निर्माण हुन्छ र लोकतान्त्रिक प्रक्रियामा उनीहरूको आस्था बलियो बनाउँछ । सरकार र प्रशासनले आफ्ना कामकाजमा पूर्णरूपमा पारदर्शीता र जिम्मेवारी राख्नु आवश्यकता छ । यसले जनतालाई सरकारप्रति सकारात्मक दृष्टिकोण बनाउन मद्दत पुऱ्याउँछ । जवाफदेहीता सुनिश्चित गर्नका लागि लोकतान्त्रिक निकायहरूलाई मजबुत बनाउनु पनि उत्तिकै जरुरत पर्दछ, जसले जनतालाई आफ्नो अधिकारको रक्षा गर्न प्रोत्साहित गरोस् ।

स्वतन्त्र र निष्पक्ष मिडिया लोकतान्त्रिक संस्कृतिको अर्को एक अपरिहार्य अङ्ग हो । मिडियाले सरकार, संस्था र व्यक्तिहरूका गतिविधिहरूमा निगरानी राख्ने, जनतालाई सूचना प्रदान गर्ने र सार्वजनिक मुद्दाहरूमा खुला बहस गर्ने महत्वपूर्ण जिम्मेवारी लिएको हुन्छ । स्वतन्त्र मिडियाले भ्रष्टाचार र अन्य अनियमितताको विरुद्ध आवाज उठाउन सक्छ र नागरिकलाई सचेत बनाउँछ । त्यसैले मिडियाको स्वतन्त्रता र सुरक्षा सुनिश्चित गर्नु अत्यावश्यक छ । साथै, पत्रकारहरूको उचित प्रशिक्षण र संरक्षणमा ध्यान दिनुपर्छ, ताकि उनीहरू आफ्नो काममा निष्पक्ष र जिम्मेवार बन्न सकून् । मिडियाले लोकतान्त्रिक प्रक्रियामा जनताको आवाजलाई प्रकट गर्ने महत्वपूर्ण भूमिका खेल्दछ र यसले सरकार र सार्वजनिक निकायहरूसम्म जनताको आवाज पुऱ्याउनमा मद्दत गर्छ ।

राजनीतिक दलहरूको भूमिका लोकतान्त्रिक संस्कृतिमा महत्वपूर्ण छ । राजनीतिक दलहरूले लोकतान्त्रिक मूल्यहरूको पालना गर्नुपर्छ र आफ्ना आन्तरिक क्रियाकलापमा पारदर्शीता र जवाफदेहीता ल्याउनुपर्छ । दलहरूले जनताको आवाजलाई प्रतिनिधित्व गर्ने, नीति निर्माण प्रक्रियामा सहभागी हुने र राष्ट्रनिर्माणमा योगदान दिने जिम्मेवारी लिनुपर्छ । स्वस्थ प्रतिस्पर्धा र बहसले लोकतन्त्रलाई बलियो बनाउँछ र राजनीतिक दलहरूबीचको सहकार्यले लोकतान्त्रिक प्रक्रियामा सुधार ल्याउँछ । यसका साथै, युवा र महिलाहरूलाई राजनीतिमा सहभागी गराउनुले लोकतान्त्रिक प्रक्रियामा समावेशीता र प्रतिनिधित्व सुनिश्चित गर्न मद्दत गर्छ । राजनीतिक दलहरूको पारदर्शीता र जिम्मेवारी नागरिकको विश्वासको आधार हो र यसले देशको समृद्धि र सामाजिक समावेशीता सिर्जना गर्न मद्दत पुग्दछ ।

नागरिक समाजको सक्रिय भूमिका लोकतान्त्रिक संस्कृतिका लागि अत्यन्त महत्वपूर्ण छ । गैरसरकारी संस्था, सामुदायिक समूह र स्वयंसेवी संस्थाहरूले समाजका विभिन्न समूहहरूको आवाज उठाउने, सामाजिक न्यायका लागि आन्दोलन गर्ने र सरकारलाई जवाफदेही बनाउन मद्दत गर्छन् । यी संस्थाहरू जनतालाई सङ्गठित गर्दै तिनीहरूको अधिकारका लागि लड्न र लोकतान्त्रिक मूल्यहरूको प्रचार गर्न महत्वपूर्ण भूमिका खेल्छन् । नागरिक समाजलाई स्वतन्त्र रूपमा काम गर्न दिने, तिनीहरूलाई सुरक्षा र संरक्षण प्रदान गर्ने र तिनीहरूको योगदानलाई मान्यता दिने प्रक्रिया लोकतान्त्रिक संस्कृति निर्माणमा महत्वपूर्ण छ । गैरसरकारी संस्थाहरूले जनतालाई सचेत बनाउने र तिनीहरूको अधिकारको बारेमा जानकारी प्रदान गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् ।

समावेशी र समानतामूलक समाज निर्माण लोकतान्त्रिक संस्कृतिको आधार हो । नेपाल विविध जाति, भाषा, धर्म र संस्कृतिको देश हो । यी विविधतालाई सम्मान गर्दै समानतामूलक समाज निर्माण गर्नु अत्यन्त आवश्यक छ । सबै नागरिकलाई समान अवसर, अधिकार र सुविधाहरू प्रदान गर्ने, भेदभाव र असमानतालाई समाप्त गर्ने र सबैलाई राष्ट्रनिर्माणमा सहभागी बनाउने प्रयासले लोकतन्त्रलाई बलियो बनाउँछ । विशेष गरी, महिला, दलित, अल्पसङ्ख्यक र पिछडिएका समुदायहरूको सशक्तीकरणले समाजलाई समृद्ध र न्यायपूर्ण बनाउँछ । समानताको सुनिश्चितता र समावेशीताले मात्र लोकतान्त्रिक प्रक्रियामा विश्वास कायम राख्न सकिन्छ ।

कानुनको शासन र न्यायपूर्ण प्रणाली लोकतान्त्रिक संस्कृतिका लागि अपरिहार्य छ । नेपालमा कानुनले सबैलाई समान रूपमा लागू हुनुपर्छ र न्याय प्रणालीले निष्पक्ष र पारदर्शी रूपमा काम गर्नुपर्छ । न्यायिक स्वतन्त्रता र निष्पक्षता नागरिकको अधिकारको रक्षा गर्न महत्वपूर्ण छन् । कानुनी सुधार र न्याय प्रणालीको क्षमता विकासले लोकतान्त्रिक संस्कृतिलाई अझ बलियो बनाउँछ र नागरिकमा विश्वास निर्माण गर्छ । यसले जनतालाई आफ्नो अधिकारको रक्षा गर्न प्रोत्साहित गर्दछ । न्याय र कानुनी प्रक्रियाको पारदर्शीता नेपालमा लोकतान्त्रिक संस्कृतिको सबैभन्दा महत्वपूर्ण पाटो हो ।

अन्ततः लोकतान्त्रिक संस्कृति निर्माणका लागि दीर्घकालीन दृष्टिकोण र समर्पण आवश्यक छ । यो काम एकैचोटी वा अल्पकालमा हुने कुरा होइन । लोकतान्त्रिक संस्कृतिका मूल्यहरू समाजका सबै वर्गले आत्मसात गर्नुपर्छ र तिनीहरूलाई दैनिक जीवनमा कार्यान्वयन गर्नुपर्छ । सरकार, राजनीतिक दल, नागरिक समाज, मिडिया र जनताको संयुक्त प्रयासले मात्र नेपालमा मजबुत लोकतान्त्रिक संस्कृति निर्माण गर्न सकिन्छ । यदि यी सबै क्षेत्रहरूमा समन्वित र दीर्घकालीन प्रयासहरू गरिन्छ भने नेपालमा लोकतान्त्रिक संस्कृति दृढ र समृद्ध हुनेछ । यसले देशलाई एक समृद्ध, न्यायपूर्ण र शान्तिपूर्ण राष्ट्र बनाउने मार्गप्रशस्त गर्नेछलस ।

सारांशमा, लोकतान्त्रिक संस्कृति निर्माण एक जटिल र दीर्घकालीन प्रक्रिया हो । यसका लागि सबै तह र स्तरका भागीदारहरूको सक्रिय सहभागिता र समर्पण आवश्यक छ । राज्य शक्तिभन्दा जनशक्ति बलियो र निर्णायक हुन्छ । लामो बलिदानपछि प्राप्त लोकतन्त्रको रक्षार्थ जनता अडिग छन् तर राजनीतिक नेतृत्व तहमा पनि त्यसखालको प्रतिबद्धता नभएको हो कि भन्ने संशयले निराशा ल्याएको देखिन्छ । जनताको आक्रोश गणतन्त्रमाथि होइन, अवस्था र प्रवृत्तिका विरुद्ध हो । लोकतन्त्र भनेको पद्धति मात्र होइन, प्रक्रिया हो । प्रक्रिया मात्र पनि होइन, प्रवृत्ति र व्यवहार हो । पद्धतिको रटान दिएर मात्र हुँदैन, प्रक्रिया पनि कानुनसम्मत हुन जरुरी हुन्छ । जनताले गणतन्त्रमार्फत प्राप्त गर्न खोजेका अपेक्षा पाउन सके भने मात्रै आशा जगाउन सक्छ । टुटेको आशालाई विश्वासमा परिणत गर्न नवीन सोच राख्नुपर्छ । लोकतन्त्रका मूल्यहरूको समावेश र पालनले नै नेपाली समाजलाई अझ समृद्ध र समान बनाउँछ । यसले केबल संस्थागत सशक्तीकरण मात्र होइन, सामाजिक र सांस्कृतिक परिवर्तन पनि ल्याउँछ, जसले समग्र राष्ट्रको भविष्य उज्ज्वल बनाउन मद्दत पुऱ्याउँछ ।

# 'सहर-विनाशक' क्षुद्रग्रहले पृथ्वीमा ठक्कर दिन सक्छ, हामी कति चिन्तित हुनुपर्छ ?

वासिङ्टन, २३ माघ (रासस/एएफपी) ।

हिरोसिमा बमभन्दा सयौं गुणा बढी ऊर्जा निकाल्दै आकाशमा ठूलो विस्फोट । एउटा अन्धाधुन्ध चमक लगभग सूर्य जत्तिकै उज्यालो हुन्छ । धक्का तरङ्ग (सकवेभ) हरू माइलौंसम्म सबै कुरा समतल बनाउन पर्याप्त शक्तिशाली छन् ।

यो विनाशकारी सुनिन सक्छ, तर भर्खरै पत्ता लागेको फुटबल मैदान जत्तिकै आकारको एक क्षुद्रग्रहले अब लगभग आठ वर्षमा पृथ्वीसँग ठक्कर खाने एक प्रतिशतभन्दा बढी सम्भावना छ ।

यस्तो प्रभावले कहाँ ठक्कर खान्छ भन्ने आधारमा सहर-स्तरको विनाशको सम्भावना छ । वैज्ञानिकहरू अहिले नै आत्तिएका छैनन् तर उनीहरूले नजिकबाट हेरिरहेका छन् ।

"यस विन्दुमा यो 'धेरै ध्यान दिऔं, यसलाई निरीक्षण गर्न सक्ने जति सबै साधनहरू जुटाऔं' भन्ने हो", प्लानेटरी सोसाइटीका मुख्य वैज्ञानिक ब्रुस बेट्सले भन्नुभयो ।

**दुर्लभ खोज**

२०२४ वाईआर४ नाम दिइएको यो क्षुद्रग्रह पहिलो पटक सन् २०२४ डिसेम्बर २७ मा चिलीको एल सोस वेधशालाले पत्ता लगाएको थियो । यसको चमकको आधारमा खगोलविद्हरूले यो १३० देखि ३०० फिट (४०-९० मिटर) चौडाइको बीचमा रहेको अनुमान गरेका छन् ।

नयाँ वर्षको पूर्वसन्ध्यामा यो अमेरिकी अन्तरिक्ष एजेन्सी नासाका कार्यवाहक ग्रह सुरक्षा अधिकारी केली फास्टको डेस्कमा चिन्ताको विषयको रूपमा पुगेको थियो ।

"तपाईंले अवलोकनहरू प्राप्त गर्नुहुन्छ, तिनीहरू फेरि खस्छन् । यो एउटा वरिपरि रहन सक्ने क्षमता थियो जस्तो देखिन्छ", उहाँले भन्नुभयो ।

जोखिम मूल्याङ्कन बढ्दै गयो र जनवरी २९ मा विश्वव्यापी ग्रह सुरक्षा सहयोग अन्तर्राष्ट्रिय क्षुद्रग्रह चेतावनी नेटवर्क (आइएडब्लुएन) ले एक मेमो जारी गऱ्यो ।

नासाको जेट प्रोपल्सन प्रयोगशालाको पछिल्लो गणनाअनुसार क्षुद्रग्रहले सन् २०३२ डिसेम्बर २२ मा पृथ्वीमा ठक्कर दिने एक दशमलव छ प्रतिशत सम्भावना छ ।

यदि यसले ठक्कर दियो भने सम्भावित प्रभाव स्थलहरूमा पूर्वी प्रशान्त महासागर, उत्तरी दक्षिण

*बाँकी तीन पृष्ठमा*

# गाजालाई कब्जा गर्ने र प्यालेस्टिनीहरूलाई सार्ने ट्रम्पको प्रस्ताव हमासद्वारा अस्वीकार

गाजा सिटी (प्यालेस्टिनी क्षेत्रहरू), २३ माघ (रासस/एएफपी)।

प्यालेस्टिनी सशस्त्र समूह हमासले बुधबार राष्ट्रपति डोनाल्ड ट्रम्पको आश्चर्यजनक प्रस्तावको विरोध गरेको छ। संयुक्त राज्य अमेरिकाले गाजा पट्टीको नियन्त्रण लिने र त्यहाँका मानिसहरूलाई उनीहरूले छोड्न चाहे पनि वा नचाहे पनि अन्य देशहरूमा पुनर्वास गर्ने ट्रम्पको प्रस्ताव छ।

ट्रम्पले ह्वाइट हाउसमा वार्ताका लागि आउनुभएका इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँगको संयुक्त पत्रकार सम्मेलनमा उक्त घोषणा गर्नुभएको हो।

बीस लाखभन्दा बढी प्यालेस्टिनीहरूलाई कसरी बाहिर निकाल्ने वा गाजालाई कसरी नियन्त्रण गर्ने भन्ने बारेमा विवरण नभएको प्रस्तावमा, ट्रम्पले नफुटेका बम र भग्नावशेष हटाएर र आर्थिक पुनर्विकास गरेर युद्धबाट क्षतिग्रस्त क्षेत्रलाई 'अविश्वसनीय' बनाउने बताउनुभयो।

"अमेरिकाले गाजा पट्टी नियन्त्रणमा लिनेछ र हामी यससँग काम पनि गर्नेछौँ, हामी यसको स्वामित्व लिनेछौँ", ट्रम्पले भन्नुभयो।

उहाँले इजिप्ट र जोर्डन दुवै सरकारले यो विचारलाई स्पष्ट रूपमा अस्वीकार गरे पनि मध्यपूर्वमा 'सर्वोच्च नेतृत्व' बाट समर्थन भएको र ती दुई मुलुकलाई गाजावासीहरूलाई लिन दबाब बढाएको बताउनुभयो।

संयुक्त राज्य अमेरिकाद्वारा 'दीर्घकालीन स्वामित्व' को सुझाव दिँदै ट्रम्पले उहाँको विचारले यसलाई 'मध्य पूर्वको रिभेरा बनाउनेछ। यो केही यस्तो हुन सक्छ जुन अति भव्य हुन सक्छ' भन्नुभयो।

सन् २००७ मा गाजाको एकल नियन्त्रण कब्जा गर्ने हमासले प्रस्तावलाई अस्वीकार गर्दै यसलाई 'जातीय' विचार भन्यो।

"अमेरिकी जातीय दृष्टिकोण हाम्रा मानिसहरूलाई विस्थापित गर्ने र हाम्रो मुद्दालाई समाप्त पार्ने इजरायली अति दक्षिणपन्थी स्थितिसँग मेल खान्छ", हमास प्रवक्ता अब्देल लतिफ अल-कानोउले एक वक्तव्यमा भन्नुभयो।

गाजाको धेरै भाग हमासको सन् २०२३ अक्टोबरको इजरायलमाथिको आक्रमणले प्रेरित १५ महिने युद्धमा तहसनहस भएको थियो र ट्रम्पले गत महिना लागू भएको युद्धविराम सम्झौता गर्न श्रेय लिनुभएको छ।

हमासले लिएका बन्धकहरूलाई घर ल्याउने र यसको क्षमतालाई कुल्चिने प्रतिज्ञा गर्नुभएका नेतन्याहुले ट्रम्पको योजनाले 'इतिहास परिवर्तन' गर्न सक्ने र 'ध्यान दिन लायक' भएको बताउनुभयो।

नेतन्याहु ट्रम्पको सत्तामा फर्केपछि ह्वाइट हाउसमा भ्रमण गर्ने पहिलो विदेशी नेता हुनुहुन्थ्यो जसलाई युद्धविरामको दोस्रो चरण सुरक्षित गर्ने वार्ताको रूपमा प्रस्तुत गरिएको थियो।

**दयनीय अवस्था**

तर यो छिट्टै एउटा आश्चर्यजनक प्रस्तावको खुलासामा परिणत भयो जसले यदि कार्यान्वयन गरिएमा मध्यपूर्वको अनुहारलाई पूर्ण रूपमा परिवर्तन गर्नेछ।

गाजा भ्रमणको पनि कुरा गर्नुभएका ट्रम्पले यो प्यालेस्टिनीहरूका लागि पुनर्निर्माण नगरिने सङ्केत गर्नुभयो।

"यो त्यही मानिसहरूद्वारा पुनर्निर्माण र कब्जाको प्रक्रियाबाट जानु हुँदैन जो... त्यहाँ बसेका छन् र मरेका छन् र त्यहाँ दयनीय जीवन बिताएका छन्", उहाँले भन्नुभयो।

प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले पनि प्रस्तावलाई अस्वीकार गर्नुभएको छ।

"राष्ट्रपति महमुद अब्बास र प्यालेस्टिनी नेतृत्वले गाजा पट्टी कब्जा गर्न र प्यालेस्टिनीहरूलाई उनीहरूको मातृभूमि बाहिर विस्थापित गर्ने आह्वानलाई कडा अस्वीकृति व्यक्त गरे", अब्बासको कार्यालयले एक विज्ञप्तिमा भन्यो, "वैध प्यालेस्टिनी अधिकारहरू वार्ताको योग्य छैनन्।"

गाजाका प्यालेस्टिनीहरूले पनि ट्रम्पको पुनर्वास विचारको विरोध गरेका छन्। दक्षिणी सहर रफाहका बासिन्दा ३४ वर्षीय हातेम आजमले भन्नुभयो, "ट्रम्पले गाजालाई फोहोरको थुप्रो सम्झनुहुन्छ - पटक्कै होइन।"

प्यालेस्टिनीहरूका लागि उनीहरूलाई गाजाबाट बाहिर निकाल्ने कुनै पनि प्रयासले अरब विश्वले 'नकबा' वा विनाश भन्ने सन् १९४८ मा इजरायलको निर्माणको क्रममा प्यालेस्टिनीहरूको सामूहिक विस्थापनको अँध्यारो स्मृतिलाई जगाउनेछ।

कसरी नियन्त्रण लिने भन्ने विवरणमा अस्पष्ट भए पनि ट्रम्पले 'आवश्यक परेमा' पृथ्वीको सबैभन्दा अस्थिर स्थानहरू मध्ये एकमा अमेरिकी सैनिक तैनाथ गर्नु पर्न सक्छ भन्ने सङ्केत गर्नुभयो।

ट्रम्पको छेउमा रहेको पोडियममा उभिएर नेतन्याहुले ट्रम्पलाई इजरायलको 'सबैभन्दा ठूलो मित्र' को रूपमा प्रशंसा गर्नुभयो र उहाँको 'बाकस बाहिर सोच्ने इच्छा' को प्रशंसा गर्नुभयो।

विगतमा दुवैको तनावपूर्ण सम्बन्ध थियो तर पूर्व राष्ट्रपति जो बाइडेनसँगको सम्बन्ध गाजामा मृत्युको सङ्ख्यालाई लिएर तनावपूर्ण भएपछि नेतन्याहुले रिपब्लिकनको सत्तामा फर्कने कुरालाई स्वीकार गर्नुभएको छ।

**युद्ध जित्नु**

इजरायली प्रधानमन्त्रीले हमाससँग, वा लेबनानको हिजबुल्लाह र इरान लगायत क्षेत्रका अन्य शत्रुहरूसँग पुनः युद्धको सम्भावनालाई अस्वीकार गर्नुभएन।

"हामी युद्ध जितेर युद्ध समाप्त गर्नेछौँ", हमासले लिएका सबै बन्धकहरूको सुरक्षित फिर्तीको प्रतिज्ञा गर्दै उहाँले भन्नुभयो।

उहाँले क्षेत्रीय प्रतिद्वन्द्वी साउदी अरेबियासँग सम्बन्ध सामान्य बनाउने सम्झौता 'हुन गइरहेको छ' भन्ने विश्वास व्यक्त गर्नुभयो।

तर ट्रम्पले आफ्नो प्रस्ताव सार्वजनिक गरेपछि साउदी अरेबियाले प्यालेस्टिनी राज्य स्थापना नभएसम्म इजरायलसँग औपचारिक सम्बन्ध नराख्ने बताएको छ।

ट्रम्पको गाजा प्रस्तावले कडा विरोधको सामना गर्नुपर्ने देखिन्छ।

इजिप्ट, जोर्डन र युद्धविराम मध्यस्थकर्ता कतार सबैले गाजाबाट प्यालेस्टिनीहरूलाई सार्ने ट्रम्पको सुझावलाई अस्वीकार गरेका छन्।

टर्कीका विदेश मन्त्री हकान फिदानले प्यालेस्टिनीहरूलाई स्थानान्तरण गर्ने कुरा 'न त हामीले न त क्षेत्रले स्वीकार गर्न सक्ने' कुरा भएको बताउनुभयो।

चीनले पनि यस प्रस्तावको विरोध गरेको छ। त्यहाँका विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले भन्नुभयो, "चीनले सधैँ प्यालेस्टिनीहरूमाथि प्यालेस्टिनी शासन गाजाको युद्धपछिको शासनको आधारभूत सिद्धान्त हो भन्ने मान्यता राखेको छ र हामी गाजाका बासिन्दाहरूको जबरजस्ती स्थानान्तरणको विरोध गर्छौं।"

गाजा युद्ध सन् २०२३ अक्टोबर ७ मा हमासले इजरायलमाथि आक्रमण गरेपछि सुरु भएको थियो। उक्त आक्रमणमा इजरायली आधिकारिक आँकडाका आधारमा एएफपीको गणना अनुसार अधिकांश सर्वसाधारणसहित एक हजार दुई सय १० जनाको मृत्यु भएको थियो।

इजरायलको जवाफी कारबाहीमा हमास नियन्त्रित क्षेत्रको स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा अधिकांश नागरिकसहित कम्तीमा ४७ हजार पाँच सय १८ जनाको मृत्यु भएको छ। संयुक्त राष्ट्रसङ्घले यी आँकडाहरूलाई विश्वसनीय मान्छ।

## *'सहर-विनाशक'...*

अमेरिका, अटलान्टिक महासागर, अफ्रिका, अरब सागर र दक्षिण एसियामा समावेश रहेको आइएडब्लुएन मेमोले बताएको छ।

२०२४ वाईआर४ ले अत्यन्त दीर्घवृत्ताकार चार वर्षे कक्षा पछ्याउँछ र आन्तरिक ग्रहहरू हुँदै मङ्गल ग्रह पार गरेर बृहस्पतितर्फ जान्छ।

अहिलेका लागि यो पृथ्वीबाट टाढा जाँदैछ। यसको अर्को नजिकको पास सन् २०२८ सम्म आउने छैन।

"सम्भावना धेरै राम्रो छ कि यसले पृथ्वीमा मात्र प्रहार गर्दैन, तर आउँदो महिनादेखि केही वर्षहरूमा त्यो सम्भावना शून्यमा झर्नेछ", बेट्सले भन्नुभयो।

सन् २००४ मा एपोफिससँग यस्तै परिदृश्य देखिएको थियो। उक्त क्षुद्रग्रहले सन् २०२९ मा पृथ्वीमा ठक्कर दिने दुई दशमलव सात प्रतिशत सम्भावना रहेको प्रारम्भिक अनुमान गरिएको थियो। थप अवलोकनहरूले प्रभावको सम्भावनालाई खारेज गरे।

**विनाशकारी क्षमता**

सबैभन्दा कुख्यात क्षुद्रग्रह प्रभाव छ करोड ६० लाख वर्ष पहिले भएको थियो। त्यतिबेला छ माइल चौडा अन्तरिक्ष चट्टानले विश्वव्यापी जाडो निम्त्याएर डायनासोर र ७५ प्रतिशत सबै प्रजातिको विनाश गरेको थियो।

यसको विपरीत २०२४ वाईआर४ 'सहर विनाशक' श्रेणीमा पर्छ।

"यदि तपाईं यसलाई पेरिस वा लन्डन वा न्युयोर्कमा राख्नुहुन्छ भने तपाईंले आधारभूत रूपमा पूरै सहर र केही वरिपरिका क्षेत्रहरू नष्ट गर्नुहुन्छ", बेट्सले भन्नुभयो।

सबैभन्दा राम्रो आधुनिक तुलना १९०८ टुङ्गुस्का घटना हो, जब ३०-५० मिटरको क्षुद्रग्रह वा धूमकेतुको टुक्रा साइबेरियामा विस्फोट भयो, ७७० वर्गमाइल ( दुई हजार वर्गकिलोमिटर) मा आठ करोड रुखहरू ढालेको थियो।

त्यो प्रभावकर्ता जस्तै २०२४ वाईआर४ पनि जमिनमा क्रेटर ( खाडल) छोड्नुको सट्टा आकाशमै विस्फोट हुने अपेक्षा गरिएको छ।

"हामी द्रव्यमान र गतिको प्रयोग गरेर ऊर्जाको गणना गर्न सक्छौँ", जोन्स हप्किन्स एप्लाइड फिजिक्स प्रयोगशालाका ग्रह खगोलशास्त्री एन्ड्र्यु रिभकिनले भन्नुभयो।

२०२४ वाईआर४ का लागि हवाई विस्फोटबाट हुने विस्फोट लगभग आठ मेगाटन टिएनटी बराबर हुनेछ - हिरोसिमा बमको शक्तिभन्दा पाँच सय गुणा बढी।

यदि यो महासागरमाथि विस्फोट भयो भने तटीय क्षेत्र नजिक भएर सुनामी निम्त्याउने अवस्थामा बाहेक प्रभाव कम चिन्ताजनक हुनेछ।

**हामी यसलाई रोक्न सक्छौं**

राम्रो खबर, विशेषज्ञहरूले 'हामीसँग तयारी गर्न प्रशस्त समय' भएकामा जोड दिएका छन्।

रिभकिनले नासाको २०२२ डिएआरटी मिसनको अनुसन्धानको नेतृत्व गर्नुभएको थियो। उक्त मिसनले एक अन्तरिक्षयान प्रयोग गरेर क्षुद्रग्रहलाई सफलतापूर्वक आफ्नो मार्गबाट विचलित गरेको थियो। यो एउटा यस्तो रणनीति हो जसलाई 'काइनेटिक इम्प्याक्टर' भनिन्छ।

लक्षित क्षुद्रग्रहले पृथ्वीलाई कुनै खतरा नपुर्‍याएकाले यो एक आदर्श परीक्षण विषय थियो।

"यसले फेरि किन काम नगर्ला भन्ने म बुझ्दिनँ", रिभकिनले भन्नुभयो। ठूलो प्रश्न के हो भने यदि उनीहरूको आफ्नै क्षेत्र खतरामा छैन भने प्रमुख राष्ट्रहरूले यस्तो मिसनलाई कोष प्रदान गर्छन् कि गर्दैनन्। अन्य बढी प्रयोगात्मक विचारहरू अवस्थित छन्।

लेजरहरूले क्षुद्रग्रहको केही भागलाई वाष्पीकरण गरेर थ्रस्ट प्रभाव सिर्जना गर्न सक्छन्, जसले यसलाई मार्गबाट बाहिर धकेल्छ। एउटा 'गुरुत्वाकर्षण ट्र्याक्टर', एउटा ठूलो अन्तरिक्ष यान जसले विस्तारै आफ्नो गुरुत्वाकर्षण खिचाइको प्रयोग गरेर क्षुद्रग्रहलाई टाढा लैजान्छ, को पनि सिद्धान्तीकरण गरिएको छ।

यदि अन्य सबै विफल भए लामो चेतावनी समयले अधिकारीहरूलाई प्रभाव क्षेत्र खाली गराउन सक्षम बनाउँछ।

"यस विषयमा कोही पनि डराउनु पर्दैन", फास्टले भन्नुभयो, "हामी यी कुराहरू फेला पार्न सक्छौँ, यी भविष्यवाणीहरू गर्न सक्छौँ र योजना बनाउने क्षमता राख्न सक्छौँ।"

## विश्व समाचार

### युएसएडले विश्वव्यापी कर्मचारीहरूलाई बिदामा राख्यो

वासिङ्टन, २३ माघ (रासस/एएफपी)।

अमेरिकी सरकारको विशाल मानवीय निकाय युएसएआइडी (युएसएड) ले मङ्गलबार आफ्ना विदेशी पोस्टिङबाट कर्मचारीहरूलाई फिर्ता बोलाउने क्रममा अमेरिका र विश्वभरका आफ्ना कर्मचारीहरूलाई प्रशासनिक बिदामा राख्ने घोषणा गरेको छ। निकायले आफ्नो वेबसाइटमा जारी गरेको विज्ञप्तिमा कर्मचारी बिदा फेब्रुअरी ७ को मध्यरातअघि सुरु हुने जनाएको छ। निकायको वेबसाइट सप्ताहन्तमा बन्द भएपछि मङ्गलबार पुनः देखापरेको थियो।

प्रशासनिक बिदाले 'मिसन-क्रिटिकल कार्यहरू, मुख्य नेतृत्व र विशेष रूपमा तोकिएका कार्यक्रमहरूका लागि जिम्मेवार तोकिएका कर्मचारीहरू बाहेक... सबै युएसएड प्रत्यक्ष नियुक्त कर्मचारीहरूलाई' प्रभावित गर्नेछ। "तपाईंलाई सेवाका लागि धन्यवाद", विज्ञप्तिमा उल्लेख छ। यो कदम ट्रम्प र उहाँका अर्बपति सहयोगी एलन मस्कको अमेरिकी सरकारलाई सङ्कुचित गर्ने आमूल अभियानको एक हिस्सा हो। यसले वासिङ्टनलाई स्तब्ध पारेको छ र डेमोक्रेट तथा मानव अधिकार समुदायबाट आक्रोशपूर्ण विरोध निम्त्याएको छ।

अमेरिकी विदेश नीतिको सहायता शाखा युएसएडले विश्वका सबैभन्दा गरीब क्षेत्रहरू सहित लगभग १२० देशमा स्वास्थ्य र आपत्कालीन कार्यक्रमहरूलाई आर्थिक सहयोग गर्दछ। मस्कको व्यापक व्यापारिक चासो रहेको चीन लगायत प्रतिद्वन्द्वीहरूसँगको प्रभावका लागि सङ्घर्षमा यसलाई संयुक्त राज्य अमेरिकाका लागि सफ्ट पावरको महत्त्वपूर्ण स्रोतका रूपमा हेरिन्छ। मस्कले युएसएडलाई 'अमेरिकालाई घृणा गर्ने चरम-वामपन्थी मार्क्सवादीहरूको सर्पको गुँड' भन्नुभएको छ र यसलाई बन्द गर्ने प्रतिज्ञा गर्नुभएको छ।

मस्कले प्रमाणित नगर्नुभएका अन्य आलोचनामध्ये उहाँले युएसएडले 'दुष्ट सिआइए काम' गर्छ र यहाँसम्म कि 'जैविक हतियार अनुसन्धान, लाखौँ मानिसको ज्यान लिएको कोभिड-१९ सहितलाई कोष प्रदान गर्दछ' भनी दाबी गर्नुभएको छ। स्पेसएक्स र टेस्लाका सिइओ मस्कले राष्ट्रपतिसँगको अभूतपूर्व कदमलाई व्यक्तिगत रूपमा स्वीकृति दिएको बताउनुभयो। मस्कको अमेरिकी सरकारसँग ठूलो सम्झौता छ र उहाँ ट्रम्पको अभियानका सबैभन्दा ठूला वित्तीय समर्थक हुनुहुन्छ।

युएसएडमाथि भएको आक्रमण संयुक्त राज्य अमेरिकाले अमेरिकीहरूलाई बेवास्ता गर्दै विदेशीहरूमा पैसा बर्बाद गर्दछ भन्ने रिपब्लिकन पार्टीको कट्टर रूढीवादी र स्वतन्त्रतावादी शाखाहरूमा लामो समयदेखि चलिरहेको कथाको सन्दर्भमा आएको छ। युएसएडले आफूलाई 'हाम्रो सुरक्षा र समृद्धिलाई अघि बढाउँदै चरम गरिबी अन्त्य गर्न र लचिलो, प्रजातान्त्रिक समाजहरूको प्रवर्द्धन गर्न' काम गर्ने संस्थाको रूपमा वर्णन गर्दछ। डाटा उपलब्ध भएको सबैभन्दा हालैको वर्षका रूपमा रहेको सन् २०२३ सम्म कंग्रेसनल रिसर्च सर्भिस अनुसार युएसएडबाट सहायता प्राप्त गर्ने शीर्ष तीन देशहरू युक्रेन, इथियोपिया र जोर्डन थिए।

सहायताका अन्य शीर्ष प्राप्तकर्ताहरूमा कङ्गो लोकतान्त्रिक गणतन्त्र, अफगानिस्तान, दक्षिण सुडान र सिरिया समावेश छन्। युएसएडको युक्रेनका लागि कोषको मात्रा उल्लेखनीय छ। अमेरिकी सरकारी तथ्याङ्कअनुसार युद्धग्रस्त युरोपेली देश युक्रेनले १६ अर्ब डलरभन्दा बढीको समष्टिगत आर्थिक सहयोग प्राप्त गरेको छ। सन् १९६१ मा स्थापित यस निकायको ४० अर्ब डलरभन्दा बढीको बजेट अमेरिकी सरकारको लगभग ७० खर्ब डलरको कूल वार्षिक खर्चमा सानो अंश मात्र हो। आर्थिक सहयोग तथा विकास सङ्गठन (ओइसिडी) का अनुसार संयुक्त राज्य अमेरिका विश्वको सबैभन्दा ठूलो आधिकारिक विकास सहायता प्रदायक हो।

### अमेरिकाले निष्कासित भारतीय आप्रवासीलाई फिर्ता गर्‍यो


अमृतसर (भारत), २३ माघ (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिकाबाट निष्कासित सयभन्दा बढी भारतीय आप्रवासी बोकेको अमेरिकी वायुसेनाको विमान बुधबार भारत आइपुगेको स्थानीय मिडियाले जनाएको छ। ट्रम्पको जनवरी २० को उद्घाटनपछि हजारौँ कागजातविहीन आप्रवासीहरू पक्राउ परेका छन्। तिनमा केही अपराधका आरोपीहरू पनि छन्। उत्तरी सहर अमृतसरका एएफपी फोटोग्राफरले अमेरिकी सैन्य विमान अवतरण गरेको देखेका थिए र भारतीय मिडियाले रिपोर्ट गरेअनुसार यसमा एक सय चार जना भारतीय आप्रवासी थिए। ट्रम्पको आप्रवासन सुधारसम्बन्धी कार्यकारी आदेशहरूले एक करोड १० लाख कागजातविहीन आप्रवासीलाई प्रभाव पार्ने अनुमान गरिएको छ। नयाँदिल्ली र वासिङ्टन दुवैले निर्वासनका बारेमा विशेष टिप्पणी गरेका छैनन्।

तर भारतमा रहेको अमेरिकी दूतावासका प्रवक्ताले वासिङ्टनले 'आफ्नो सीमालाई कडाइका साथ लागु गरिरहेको, आप्रवासन कानूनलाई कडा बनाएको र अवैध आप्रवासीहरूलाई हटाएको' बताउनुभयो। "विशेषगरी सङ्गठित अपराधका अन्य रूपहरूसँग जोडिएको हुनाले नयाँदिल्ली गैरकानूनी आप्रवासनको विरोधमा दृढ छ", भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले गत हप्ता भन्नुभएको थियो, "भारत-अमेरिका आप्रवासन र गतिशीलता सहयोगको हिस्साका रूपमा, दुवै पक्ष गैरकानूनी आप्रवासनलाई रोक्ने प्रक्रियामा संलग्न छन्, साथै भारतबाट अमेरिकामा कानूनी आप्रवासनका लागि थप मार्गहरू सिर्जना गर्दैछन्।"

भारत विश्वको पाँचौँ ठूलो अर्थतन्त्र हो र विश्वकै उच्च कूल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धि दर छ तर पनि लाखौँ नागरिक विदेशमा राम्रो अवसरको खोजीमा हरेक वर्ष देश छोड्छन्। यसको प्रवासी समुदाय विश्वभर फैलिएको छ तर अमेरिका अझै पनि रोजाइको गन्तव्य हो। अमेरिकी आप्रवासन र भन्सार प्रवर्तन (आइसिई) को तथ्याङ्क अनुसार सन् २०१८-२०२३ को बीचमा पाँच हजारभन्दा बढी भारतीयलाई देशबाट निर्वासित गरिएको थियो। अमेरिकी राष्ट्रपति र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच सन् २०१७ देखि २०२१ सम्म ट्रम्प ह्वाइट हाउसमा हुँदा न्यानो सम्बन्ध थियो। आलोचकहरूले उहाँहरू दुवैलाई अधिनायकवादी प्रवृत्तिको आरोप लगाउँछन्। मोदीले अर्को हप्ता वासिङ्टन भ्रमण गर्ने सम्भावना रहेको र त्यहाँ उहाँले ट्रम्पलाई भेट्ने अपेक्षा गरिएको भारतीय मिडियाले व्यापक रूपमा रिपोर्ट गरेका छन्।

# मधेश प्रदेश एफ.एम. रेडियो तथा सञ्चालन ऐन संशोधन सम्बन्धी मस्यौदाको खाका बुझाइयो



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

प्रदेश सञ्चार सम्वन्धी एन २०७७ र प्रदेश एफ.एम. रेडियो तथा सञ्चालन ऐन २०७७ मा संशोधन गर्नका लागि गठन गरिएको समितिले मस्यौदाको खाका बुधबार मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीलाई बभ्काएको छ।

समितिको संयोजकमा आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, सदस्यमा मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास र गृह, सञ्चार तथा कानुन मन्त्रालयकी कानुन अधिकृत शान्ता चौधरी रहेका छन्।

उक्त अवसरमा नीति तथा योजना आयोगकी सदस्य शिला मिश्रा, मन्त्रालयका सचिव उद्धव रिजाल, मन्त्रलयाका अधिकृत दिपेन्द्र यादब, टेलिभिजन ब्रोडकास्टिङ्ग एसोसिएसन मधेश प्रदेशका अध्यक्ष विष्णु कुवर समेतको उपस्थिति रहेको थियो।

# गोली चलाएर दुई भारतीय लागुऔषध कारोबारी पक्राउ

झापा, २३ माघ (रासस)।

कनकाई नगरपालिका-४ स्थित भित्री सडकखण्डमा प्रहरीले गोली प्रहार गरी दुई भारतीय लागुऔषध कारोबारीलाई पक्राउ गरेको छ।

मंगलबार राति भारतको बिहार राज्यको डिगल बैंक थाना घर भएका २८ वर्षीय अन्जार आलम र उनका भाई १९ वर्षीय यूसुब आलामलाई गोली चलाएर पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कृष्णबहादुर चन्दले जानकारी दिनुभयो। उनीहरुले वीआर ३७ एए ८४९८ नम्बरको मोटरसाइकलमा लागुऔषध ओसारपसार गरिरहेका थिए। प्रहरीले रोकेर जाँच गर्ने क्रममा दुवै जना भाग्न खोज्दा उनीहरुमाथि गोली चलाउनु परेको उहाँले बताउनुभयो।

प्रहरीले चार राउण्ड हवाई फायर गरी दुवैजनालाई नियन्त्रणमा लिएको हो। यस क्रममा मोटरसाइकल चालक अन्जार आलमको घुडाँमुनी गोली लागेको छ। उनीहरुको साथमा प्रतिबन्धित लागुऔषध ब्राउन सुगुर ६३ मिलिग्राम फेला परेको सूचना अधिकारी चन्दले बताउनुभयो। घाइेत अन्जारको प्रादेशिक अस्पताल भद्रपुरमा उपचार भइरहेको छ।

# आन्तरिक राजस्व कार्यालय वीरगञ्जद्वारा ६ महिनामा चार अर्ब राजस्व संकलन

पर्सा, २३ माघ (रासस)।

आन्तरिक राजस्व कार्यालय वीरगञ्जले चालु आर्थिक वर्षको छ महिनाको अवधिमा चार अर्ब २० करोड ६९ लाख ५६ हजार राजस्व सङ्कलन गरेको छ। कार्यालयले गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने एक अर्ब चार करोड ३७ लाख बढी राजस्व सङ्कलन गरेको हो।

आन्तरिक राजस्व कार्यालय वीरगञ्जका कार्यालय प्रमुख टिकाराज चौलागाईले गत आवको तुलनामा चालु आवमा राजस्व सङ्कलन उत्साहजनक रहेको जानकारी दिनुभयो। "चालु आवको छ महिनाको अवधिमा अन्तःशुल्क मदिरातर्फको राजस्व सङ्कलनमा वृद्धि भएको छ", उहाँले भन्नुभयो।

कार्यालयले चालु आवको छ महिनाको अवधिमा अन्तःशुल्क मदिरातर्फ एक अर्ब ४६ करोड ७३ लाख राजस्व सङ्कलन गरेको छ। जबकी गत आवको सोही अवधिमा भने अन्तः शुल्क मदिरातर्फ भने ९२ करोड ८७ लाख राजस्व सङ्कलन गरेको थियो। कार्यालयले चालु आवको छ महिनाकै अवधिमा अन्तःशुल्क अन्य औद्योगिक उत्पादनतर्फ भने ३१ करोड ९० लाख राजस्व सङ्कलन गरेको छ।

गत आवको सोही अवधिमा भने १८ करोड ७३ लाख रकम अन्तःशुल्क अन्य औद्योगिकतर्फ राजस्व सङ्कलन गरेको थियो। कार्यालयले चालु आवमा आयकर प्राइभेट लिमिटेडतर्फ भने २३ करोड ३६ लाख राजस्व सङ्कलन गरेको छ। जबकी गत आवको सोही अवधिमा भने १६ करोड ९८ लाख राजस्व सङ्कलन गरेको थियो। चालु आवको छ महिनाको अवधिमा आयकर व्यक्तिगत वा एकलौटी तर्फबाट ८७ करोड ६४ लाख राजस्व सङ्कलन गऱ्यो भने गत आवको सोही अवधिमा भने ४७ करोड १२ लाख ५५ हजार राजस्व सङ्कलन गरेको थियो।

# जलवायु परिवर्तनका कारण वन्यजन्तुको वासस्थानमा चुनौती

काठमाडौँ, २३ माघ (रासस)।

सरोकार भएकाहरूले जलवायु परिवर्तनका कारण वन्यजन्तुको वासस्थानमा चुनौती थपिएको बताउनुभएको छ। राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धमा प्रदेश सरकारका वनसँग सम्बन्धित मन्त्रालयका प्रतिनिधिसँग मंगलबार यहाँ गरेको छलफलमा उहाँहरूले यस्तो बताउनुभएको हो। छलफलमा पानीको मुहान सुक्ने, वन डडेलो जस्ता जलवायुजन्य घटनाका कारण वासस्थानमा समस्या देखिएको बताइएको थियो।

सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लक्ष्मण किशोर चौधरीले वन र राष्ट्रिय निकुञ्जलाई नीतिगत रूपमा नियमन गर्न नसक्दा समस्या भइरहेको बताउनुभयो। उहाँले सङ्घ र प्रदेशको नियम बाझिएकाले पनि समस्या समाधान, प्रदेशको राजश्व र रोजगारी वृद्धिमा चुनौति रहेको बताउनुभयो। "वन नियम कडाइ गर्दा नागरिकले अनावश्यक रूपमा वनका मुद्दा खेप्नुपर्ने समस्या छ। प्रदेशको कार्यक्षेत्रमा निकुञ्ज नभएको हुँदा वन्यजन्तु संरक्षणका काम गर्न पाएका छैनौँ तर मानव वन्यजन्तु द्वन्द्वको गुनासो बढिरहेको छ। निकुञ्ज क्षेत्रमा रहेका हिंस्रक वन्यजन्तु नियन्त्रण गर्नुपर्ने आवश्यकता छ", मन्त्री चौधरीले भन्नुभयो।

बागमती प्रदेश, वन तथा वातावरण मन्त्रालयका सचिव डा केदार बरालले पछिल्लो समय जलवायुजन्य समस्याबाट सिर्जित सङ्कटका कारण वन्यजन्तुको वासस्थान र आहारामा असर पुगेको बताउनुभयो। वन जङ्गलमा रहेको पानीका स्रोत सुक्दै जान थालेकाले वन्यजन्तुलाई खानेपानीको अभावमा बस्ती छिर्ने गरेको भन्दै उहाँले आहाराको कमीले २८ देखि ३० प्रतिशत वन्यजन्तु घरपालुवा वन्यजन्तुमा निर्भर हुनुपर्ने अवस्था आएको उल्लेख गर्नुभयो।

सचिव बरालले राज्यले राष्ट्रिय निकुञ्ज तथा आरक्षमा रहेका वन्यजन्तुको मात्रै ख्याल गर्ने र अन्य वन क्षेत्रमा रहेका वन्यजन्तुलाई बेवास्था गर्ने अवस्था अन्त्य गरिनुपर्नेमा जोड दिनुभयो।

समितिका सभापति मायाप्रसाद शर्माले छलफलमा उठेका विषयवस्तुलाई निकुञ्ज ऐनमा संशोधनको क्रममा समावेश गर्न सकिने बताउनुभयो।

# 'राजस्व चुहावट नियन्त्रणका लागि अन्तरनिकायबीच थप समन्वय आवश्यक छ'

काठमाडौँ, २३ माघ (रासस)।

केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिले राजस्व चुहावट नियन्त्रणलाई थप प्रभावकारी बनाउन सरोकारवाला सबै निकायहरूबीच केन्द्रदेखि स्थानीयस्तरसम्म समन्वय एवं सहकार्य गर्नुपर्नेमा जोड दिएको छ।

बुधबार अर्थ मन्त्रालयमा बसेको बैठकमा समितिका संयोजक उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले भन्सारविन्दु वरपरको क्षेत्रका साथसाथै वैकल्पिक मार्गबाट हुनसक्ने अवैध निकासी-पैठारी नियन्त्रणतर्फ विशेष ध्यान दिनुपर्ने र सबै निकाय जिम्मेवारपूर्ण ढङ्गबाट सक्रिय भएर लाग्दा अवैध कारोबारको नियन्त्रणमा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिने बताउनुभयो।

त्यसैगरी अर्थसचिव डा रामप्रसाद घिमिरेले आयात-निर्यात हुने वस्तुको अवस्था, वर्गीकरण र प्रयोगलगायतका विषयमा विभिन्न निकायबीचको बुझाइमा एकरुपता हुन जरुरी रहेको उल्लेख गर्दै तथ्यपरक सूचनाका आधारमा काम गर्नुपर्नेमा जोड दिनुभयो।

राजस्व सचिव दिनेशकुमार घिमिरेले वस्तु उत्पादन र आयातको स्रोतमै नियमन गर्न सक्दा अवैध कारोबारलाई नियन्त्रण गर्न सहज हुने बताउँदै समितिको बैठकमा सम्बद्ध अधिकारीबाट गरिएको प्रतिबद्धता कार्यान्वयनको तहमा प्रतिविम्बित हुने विश्वास व्यक्त गर्नुभयो।

बैठकमा सहभागी अधिकारीहरूले अवैध निकासी पैठारी नियन्त्रणमा क्रमशः सुधार आए तापनि सार्थक नतिजाका लागि थप पहल गर्नुपर्ने आवश्यकता औँल्याएका थिए। सीमा क्षेत्रमा निगरानी बढाउनुका साथै बजार अनुगमनलाई बढाउनुपर्ने र प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्नेमा उहाँहरूको जोड थियो।

समितिको बैठकमा अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राजस्व अनुसन्धान विभाग, भन्सार विभाग, आन्तरिक राजस्व विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलगायतका निकायका अधिकारीहरूको सहभागिता थियो।

## *एचपिभी अभियानको ...*

प्रशासकिय अधिकृत तारणी प्रसाद यादव, गजेन्द्र नारायण सिह अस्पतालका प्रमुख डा. श्रीराम तिवारी, प्रधानाध्यापक परशुराम यादव, विद्यालय व्यवस्थापन समिति अध्यक्ष दुर्गानन्द ठाकुर, विश्व स्वास्थ्य संगठनका प्रतिनिधी सरला न्यौपाने, जनस्वास्थ्य अधिकृतद्वय हिरेन्द्र प्रसाद साह, जागेश्वर खडका लगायतले पनि पाठेघरको मुखको क्यान्सरबाट सुरक्षित हुनका लागी एचपीभी खोप लागाउन आवश्यक रहेको भन्दै यस अभियानलाई सफल बनाउन सबैको सहयोग आवश्यक रहेको बताएका थिए।

## *विद्यालयमा शिक्षक ...*

महाकवि देवकोटा आधारभुत विद्यालयमा अनुगमन गर्दा विद्यार्थीको उपस्थिति नरहेको तथा त्यहा कार्यरत १३ शिक्षक शिक्षिका मध्ये दुई जना शिक्षक अनुपस्थित पाइएको शिक्षा विकास तथा समन्वय इकाईका निमित्त प्रमुख यादवले जानकारी दिए।

त्यस्तै तिरहुत गाउँपालिका वडा नं. ४ स्थित मावि डिमनमा २४ मध्ये १४ जना मात्र शिक्षकहरुको उपस्थिति तथा विद्यार्थीको संख्या पनि अत्यन्त न्युन रहेको पाइएको छ। यसैगरि अग्नीसाइर कृष्णासवरण गाउँपालिका वडा नं. स्थित ठाकुरजी माविमा अनुगमन गर्दा २४ मध्ये १५ जना मात्र शिक्षकहरुको उपस्थिति र विद्यार्थीको संख्या न्युन रहेको पाइएको टोलीका सदस्य बिरेन्द्र कुमार चौधरीले जानकारी दिए।

सोही स्थानमा रहेको अर्को जनचेतना माविमा सबै शिक्षकहरुको उपस्थिति रहेपनि विद्यार्थीको संख्या न्युन पाइएको छ।

अनुगमन पश्चात् सबै विद्यालयका प्रधानाध्यापकहरुलाई शिक्षा विकास तथा समन्वय इकाईका निमित्त प्रमुख यादवले आगामी दिनमा सबै शिक्षकहरुको अनिवार्य उपस्थिति तथा विद्यार्थीको उपस्थिति समेत बढाउन निर्देशन दिएका छन्।

भूकम्पबाट जोगिन सचेत बनौं

➢भूकम्पको वेला जोगिने उपायहरूको पूर्वअभ्यास गरौं,
➢भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
➢आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
➢परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
➢भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
➢आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार गरेर राखौं,
भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*